# शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८

### १. पृष्ठभूमि :

नेपालमा विगत एक दशकभन्दा लामो समयसम्म भएको सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन एवं तत्पश्चात्का मधेश आन्दोलन लगायत विभिन्न घटनाहरुका कारण राजनैतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रहरु प्रभावित हुन पुगे । नेपाल सरकार र ने.क.पा. माओवादी बीच २०६३।८।५ मा सम्पन्न विस्तृत शान्ति सम्झौता पश्चात् एक दशक लामो हिंसात्मक द्वन्द्वको विधिवत अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रका रुपमा रुपान्तरित नेपाल अहिले संविधानसभा मार्फत संविधान लेखनको प्रकृयामा रहेको छ । संक्रमणकालिन यस समयमा विगतका द्वन्द्वका घाउहरुमा मलमपट्टी लगाउँदै मेलमिलाप र आपसी सद्भावको वातावरण निर्माण गर्नु आजको प्रमुख चुनौतीहरु मध्ये एक हो । देशमा दिगो शान्ति स्थापनार्थ द्वन्द्व व्यवस्थापन, द्वन्द्वपीडितहरुको राहत तथा पुनर्स्थापना, शान्ति संयन्त्रहरुको निर्माण एवं व्यवस्थापन, पुर्वाधार पुनर्निर्माण, संक्रमणकालिन न्याय, शान्ति अभियान एवं स्रोत परिचालन जस्ता महत्वपूर्ण कार्यहरु सम्पन्न गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना भएको छ । मन्त्रालयले नेपाल सरकारबाट प्राप्त स्रोत एवं वैदेशिक सहायता समेत परिचालन गरी शान्ति प्रक्रिया सम्बद्ध विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

तिव्र आर्थिक विकासबाट दिगो शान्ति हासिल गर्न सकिने भएकोले गाउँ स्तर सम्म विकास निर्माण संचालन गर्ने उद्देश्य सहित आ.व. ०६८/०६९ को वजेट मार्फत शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत नयाँ कार्यक्रमका रुपमा शान्तिका लागि विकास कार्यक्रम प्रश्ताव गरिएको छ । यस कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्यांकन प्रकृयाहरुलाई सरल एवं व्यवस्थित बनाई कार्यक्रमको प्रतिफललाई नतिजामूलक बनाउन यो निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

### २. संक्षिप्त नाम र प्रारम्भ :

यस निर्देशिकाको नाम "शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८" रहेको छ । यो निर्देशिका मिति ०६८/८/१५ मा शान्ति तथा पुनर्निर्माण मंत्रालयबाट स्वीकृत भई तदनुरुप कार्यान्वयनमा ल्याईएको छ ।

### ३. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) **"मन्त्रालय"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई जनाउनेछ ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

ख) **"महाशाखा"** भन्नाले मन्त्रालय अन्तर्गतको पूर्वाधार पुनर्निर्माण महाशाखालाई जनाउनेछ ।

ग) **"विभाग"** भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई जनाउनेछ ।

घ) **"परियोजना"** भन्नाले मन्त्रालय अन्तर्गतको द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनालाई जनाउने छ ।

ङ) **"कार्यक्रम"** भन्नाले "शान्तिको लागि विकास कार्यक्रमलाई जनाउनेछ ।

च) **"आयोजना"** भन्नाले कार्यक्रम अन्तर्गत संचालन हुने यस निर्देशिकाको बूँदा नं. ५.१ मा उल्लेखित आयोजनाहरुलाई जनाउनेछ ।

छ) **"बजेट"** भन्नाले "शान्तिको लागि विकास कार्यक्रमका लागि प्राप्त हुने बजेटलाई जनाउनेछ ।

ज) "जिल्ला पुनर्निर्माण समिति" भन्नाले द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम संचालन कार्यविधि, २०६५ बमोजिम गठित समितिलाई जनाउनेछ ।

झ) **"स्थानीय शान्ति समिति"** भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६५ माघ २३ गतेको निर्णयले स्वीकृत कार्य क्षेत्रगत शर्त बमोजिमका समितिहरुलाई जनाउनेछ ।

ञ) **"जि.वि.स."** भन्नाले जिल्ला विकास समितिलाई जनाउनेछ ।

ट) **"जि.प्रा.का."** भन्नाले जिल्ला प्राविधिक कार्यालयलाई जनाउनेछ ।

ठ) **"द्वन्द्व प्रभावित"** भन्नाले सशस्त्र द्वन्द्वको अवधिका शहिद परिवार, मृतक र बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते, अपांग एवं द्वन्द्वको कारणले आफ्नो थातथलामा बस्न जोखिममा परेका व्यक्ति तथा तिनका परिवारलाई सम्झनु पर्छ ।

ड) "**सशस्त्र द्वन्द्व"** भन्नाले मिति २०५२।११।१ देखि २०६३।८।५ सम्मको द्वन्द्वको अवधिलाई जनाउने छ ।

## ४. कार्यक्रम तथा निर्देशिकाको उद्देश्य

४.१. तिव्र आर्थिक विकासको माध्यमबाट दिगो शान्ति हासिल गर्न सकिने भएकोले गाउँस्तर सम्म विकास निर्माणका कार्यहरु संचालन गर्नु /गराउनु यस कार्यक्रमको मुल उद्देश्य हुने छ ।

४.२. "शान्तिको लागि विकास कार्यक्रम" का योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्यांकन प्रकृयाहरुलाई सरल एवं व्यवस्थित बनाई कार्यक्रमको प्रतिफललाई नतिजामूलक बनाउनु यस निर्देशिकाको मूल उद्देश्य हुनेछ ।

## ५. कार्यक्रमका क्षेत्रहरु :

५.१. यस कार्यक्रम अन्तर्गत तिव्र आर्थिक विकासको माध्यमबाट दिगो शान्ति प्रवर्धन गर्ने खालको निम्न प्रकारका भौतिक संरचनाहरु आयोजनाका रुपमा विकास गरी कार्यान्वयन गरिनेछ ।

क) सडक, झोलुङ्गे पुल, पुलपुलेसा निर्माण तथा मर्मत संभार सम्वन्धि आयोजना ।

ख) विभिन्न सेवाकेन्द्रहरु र सामुदायीक भवन निर्माण तथा मर्मत सम्भार सम्बन्धि आयोजना ।

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

ग) विभिन्न खानेपानी तथा सिचाईका संरचनाहरु निर्माण तथा मर्मत सम्भार सम्वन्धि आयोजना ।

घ) ग्रामिण विद्युतिकरण सम्वन्धि आयोजना ।

ङ) विमानस्थल एवं संचारका भवन तथा संरचनाहरुको निर्माण तथा मर्मत संभार सम्वन्धि आयोजना ।

च) द्वन्द्व प्रभावित क्षेत्रमा संचालन गरिने वाटिका, पार्क, उद्यान जस्ता वातावरणसँग सम्बन्धी कार्यक्रम/आयोजना ।

छ) मंत्रालयले तिव्र आर्थिक विकासवाट दिगो शान्ति प्रवर्धन गर्न आवश्यक ठानेका अन्य भौतिक संरचना सम्वन्धि आयोजनाहरु ।

५.२. यस कार्यक्रम अन्तर्गतको विनियोजित बजेट रकम बुँदा नं. ५.१ मा उल्लेखित आयोजना संचालन गर्न बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

## ६. योजना तर्जुमा, छनौट तथा स्वीकृतिको व्यवस्था

६.१. यस कार्यक्रम अन्तर्गत आयोजनाको माग गर्दा जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, स्थानीय शान्ति समिति, जिल्ला पुनर्निर्माण समिति वा सम्बन्धित जिल्लाका जनप्रतिनिधिको सिफारिश सहित मन्त्रालयमा मागपत्र पेश गर्नुपर्नेछ ।

६.२. सिफारिस गर्ने निकाय वा जनप्रतिनिधिले समाजमा शान्ति, सद्भाव एवं मेलमिलाप प्रबर्द्धन गर्ने यस निर्देशिकाको बुँदा ५.१ मा उल्लेखित प्रकृतिका आयोजना मात्र सिफारिस गर्नुपर्नेछ ।

६.३. माग भएका आयोजनाहरुमध्ये महाशाखाले निम्न आधारमा प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यक्रम तयार गर्नेछ ।

क) द्वन्द्वको प्रभाव बढी परेका क्षेत्रमा प्रस्तावित आयोजना ।

ख) द्वन्द्वका क्रममा विशेष घटना घटी मानवीय/भौतिक क्षति भएका स्थानविशेषमा प्रस्तावित आयोजना ।

ग) शहीद एवं राष्ट्रिय विभूति सम्बन्धी आयोजना ।

घ) द्वन्द्वपीडितका परिवार र खासगरी बालबालिका र महिलालाई प्रत्यक्ष सहयोग पुर्‍याउने प्रकृतिका आयोजना ।

ङ) कम लगानीमा बढी शान्तिको प्रबर्द्धन गर्न सहयोग पुर्‍याउने प्रकृतिका आयोजना ।

च) निजी, सहकारी, NGO/INGO, स्थानीय निकाय र अन्य सरकारी निकाय संग मिलेर संचालन हुने आयोजनाहरु ।

६.४. बुँदा ६.३ बमोजिम तयार भएको वार्षिक कार्यक्रम मन्त्रालयले राष्ट्रिय योजना आयोगवाट स्वीकृत गराई यस निर्देशिका बमोजिम कार्यान्वयन गरिनेछ ।

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## ७. कार्यान्वयन सम्बन्धी व्यवस्था

७.१. यस कार्यक्रम अन्तर्गत स्वीकृत आयोजनाहरुको कार्यान्वयनका लागि मन्त्रालयले स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई अख्तियारी दिनेछ ।

७.२. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले सम्बन्धित जिल्ला प्राविधिक कार्यालयलाई अख्तियारी दिई कार्यान्वयन गराउनेछ ।

७.३. यस कार्यक्रम अन्तर्गतका सम्पूर्ण आयोजनाहरु लागत सहभागिता सहित उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नुपर्नेछ ।

७.४. आयोजनाको कूल लागतको १०% व्यहोर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

७.५. उपभोक्ता समितिको गठन, सम्झौता लगायतका कार्यहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

७.६. सम्बन्धित जि.प्रा.का. ले कूल लागत अनुमानको ५% मा नबढ्ने गरी कन्टिन्जेन्सी वापत रकम कट्टा गरी सो रकमबाट प्रचलित कानुन बमोजम थप प्राविधिक जनशक्तिको खटनपटन गर्न सक्नेछ ।

## ८. रकम प्रवाह, खर्च एवं लेखापरीक्षण गर्ने व्यवस्था

८.१. जिल्लास्थित अख्तियारी प्राप्त गर्ने कार्यालयले प्राप्त कार्यक्रम, अख्तियारी र अख्तियारीपत्रमा प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

८.२. अख्तियारी बमोजिमको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिने, छुट्टै श्रेस्ता राखी कार्यान्वयन गर्ने गराउनुपर्नेछ ।

८.३. भौतिक एवं वित्तिय प्रगति नियमानुसार मासिक/चौमासिक/वार्षिक रुपमा विभाग मार्फत मन्त्रालयमा पठाउनुपर्नेछ ।

८.४. आर्थिक वर्षभित्र खर्च नभई बाँकी हुन आएको रकम आर्थिक कार्यविधि नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी फ्रिज गराउनुपर्नेछ ।

८.५. सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

८.६. रकम प्रवाह, खर्च एवं लेखा परीक्षणसम्बन्धी अन्य व्यवस्था आर्थिक कार्यविधि ऐन २०५६ तथा नियमावली, २०६४ र सार्वजनिक खरीद ऐन, २०६३ एवं सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम हुनेछ ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

## ९. कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था

९.१. द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम संचालन कार्यविधि, २०६५ को बुँदा १०.१ मा प्रावधान भए बमोजिमको केन्द्रिय निर्देशन तथा अनुगमन समितिले यस कार्यक्रमको समेत केन्द्र स्तरीय अनुगमन एवं समीक्षा गरी निर्देशन दिनेछ।

९.२. शान्ति तथा पुनर्निर्माण मन्त्रालयले प्रत्येक विकास क्षेत्रमा एकजना सहसचिवको नेतृत्वमा अनुगमन टोली गठन गरी यस कार्यक्रमको अनुगमन गर्नेछ।

९.३. जिल्ला स्तरीय अनुगमन सम्बन्धित जिल्ला विकास समिति, स्थानीय शान्ति समिति र जिल्ला पुननिर्माण समितिले गर्नेछन्।

९.४. कार्यक्रम कार्यान्वयन गर्ने निकायले राष्ट्रिय योजना आयोगको निर्दिष्ट ढाँचामा एवं मन्त्रालयले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तथा अन्य श्रेस्ताहरु तोकिएकै समयावधिमा मन्त्रालयमा पठाउनु पर्नेछ।

९.५. कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले जिल्ला स्तरीय समीक्षा गोष्ठीमा प्रगति प्रस्तुत गरी समीक्षा गराउनुपर्नेछ र सोको जानकारी सम्बन्धित निकाय मार्फत मन्त्रालयलाई दिनुपर्नेछ।

९.६. कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले यस कार्याक्रम अन्तर्गतका योजना सम्पन्न भए पछि सार्वजनिक सुनुवाई गराउने व्यवस्था मिलाउनु पर्नेछ।

९.७. मन्त्रालयले क्षेत्रिय/केन्द्रियस्तरमा आवश्यकतानुसार समीक्षा गोष्ठी एवं कार्यक्रम प्रभाव मूल्यांकन गर्न/गराउन सक्नेछ।

## १०. जिम्मेवारी तथा उत्तरदायित्व

१०.१. योजना संचालन गर्ने, सम्पन्न गराउने, हस्तान्तरण गर्ने, लेखापरीक्षण लगायत विभिन्न भौतिक तथा वित्तिय प्रतिवेदन गर्ने जिम्मेवारी, कर्तव्य र दायित्व अख्तियारी प्राप्त गर्ने अधिकारीमा हुनेछ।

१०.२. आयोजना सम्पन्न भइसकेपछि जिल्ला प्राविधिक कार्यालयले उक्त आयोजना मर्मत सम्भार एवं संचालनको जिम्मेवारीसहित उपभोक्ता समिति, स्थानीय निकाय वा अन्य उपयुक्त निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

## ११. विविध

११.१. यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या आई परेमा त्यसको व्याख्या एवं परिमार्जन शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गर्नेछ।

११.२. यस निर्देशिकाको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानुन बमोजिम हुनेछ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com